सत्यको लागि चुक्दैनौं झुक्दैनौं हामी...

# प्रदेश समाचार

Pradeshsamachar Daily

दैनिक

बर्ष ३ अंक २६१ २०८२ जेष्ठ १२ गते सोमवार मूल्य ५/- पृष्ठ सङ्ख्या ४

बेटी पढाऔ, बेटी बचाउ
गौर नगरपालिका
गौर, रौतहट

## नगरप्रमुख र निमित्त प्रमुखको मनलाग्दी गरुडा नगरपालिकामा आर्थिक अनियमितता बढ्दो

**दिलीप पाण्डे** रौतहट ११ जेठ । गरुडा नगरप्रमुख कन्ठमुणी प्रसाद कलवार, निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलमले टेण्डर अगाबै नै प्रक्रिया मिचेर योजना संचालन गराई ऐनकानुनलाई खुलेआम चुनौती दिदै आएता पनि सम्बध निकाय मौन रहनुबाट अनियमितता एवं भ्रष्टाचारले यतिखेर गरुडा नपामा जडो गाडिसकेका छन् । घतलाग्दो के छ भने, बोलपत्र (टेण्डर) आह्वान भएका योजनाहरुमा कतिपयमा एउटै कामबाट दोहोरो भुक्तानी गराउने हिसावले नामको उपभोक्ता समितिको माध्यमबाट काम धमाधम गराईरहेको पाइएका हुन् । गरुडा नगरपालिका वडा नम्वर ६ पोठियाहीमा छठघाट निर्माणका लागि १ करोड ३८ लाख ४६ हजार १५१ रुपैया ८० पैसाको इबिडिंग बोलपत्र आह्वान गरिएको छ । जसको समय आउदो जेठ १८ गते पुरा हुँदैछ तर उक्त समय अगावै वैशाख महिना देखि छठघाटको निर्माण कार्य सुरु छ । बोलपत्रको प्रक्रिया सम्पन्न नहुँदै कार्य सुरु हुनु आफैमा हास्यास्पद रहेको आरोप स्थानीय बासिन्दा एवं गरुडा नगरपालिकामा मेयरका प्रत्यासी अनिल यादवले लगाए । त्यती मात्रै नभई निर्माणाधिन छठघाटमा सुर्य मन्दिरको निर्माणको कार्य उपभोक्ता समितिलाई दिएर एउटा कार्यमा दुई थरीबाट कार्य गराई भुक्तानी गराउने गरुडा नगरपालिकाको चरम लापरवाहीको पोल उनले खोले । मेयर प्रत्यासी यादवले गरुडा नगरपालिका वडा नम्वर ५ स्थित सहिद रामविश्वास जयसवाल प्रतिष्ठानको भवन निर्माण गर्न २०८२ वैशाख १८ गते बोलपत्र आह्वान गरिएता पनि उक्त भवनको जगको कार्य बैशाख महिना देखि सुरु कुन प्रक्रियाबाट गरिदैछ त्यसको यथार्थ छानविन हुनुपर्ने उनले सम्बध निकाय संग जोडदार रुपमा माग गरे । एकातिर गरुडा नगरपालिकाबाट बोलपत्र आह्वान गरेर नाटक मंचन गर्नु अर्को तर्फ आफनै मानिसलाई उपभोक्ता समितिमा मानिसहरु राखेर सेटिंगकै विभिन्न निर्माण व्यवसायीहरु मार्फत काम गराएर गरुडा नगरपालिकाको नगर प्रमुख कलवार, निमित्त प्रमुख प्रशासकीय अधिकृत आलमको निर्देशनलाई इन्जिनियर यादवले प्रक्रिया विपरित कार्य गरेर नपामा ठूलो आर्थिक व्यय भार थुपार्दै भ्रष्टाचारमा चुल्लुम्म डुबेको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान देखि लिएर सम्बध विभिन्न निकायलाई जानकारी गराईसक्दा पनि अहिले सम्म उक्त कार्यहरु माथि अंकुश नलाग्दा अनियमित कार्य गर्नेहरुको मनोबल बढेर गएका छन् । गरुडा नगरपालिकाबाट बैशाख १८ र १९ गते करिव साढे ८ करोड भन्दा बढिको ६ वटा योजनाको निर्माणका लागि इ विडिंग आह्वान गरि यो रेकर्डमा देखिन्छ तर व्यवहारिक हिसावमा फरक देखियो । अधिकाँश योजनाहरु टेण्डर प्रक्रिया पुरा हुनु अगाबैबाट संचालन हुनुबाट स्थानीय सरकार संचालन प्रणाली माथि अहिले गम्भीर प्रश्न खडा भएको छ । यसरी नेपाल सरकारको लाखौं लाख रकमको गरुडा नगरपालिकाको नगरप्रमुख कन्ठमुनी प्रसाद कलवार र निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलम सहितका कर्मचारीको मनलाग्दी कार्यबाट अनियमितताको पराकाष्ठा नाघेको आरोप लगाइएको छ । गरुडा नगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलमले टेण्डर आह्वान भएको बताउदै तर काम कसरी सुरु भयो

**बाकी २ पेजमा**

## प्रदेश सरकार फेरबदलको तयारीमा कांग्रेस

गृहमन्त्री रमेश लेखकको जनकपुरधाम आगमनको क्रममा मधेश प्रदेश सरकार फेरबदलको चर्चा चुलिएसंगै प्रदेश तरंगित बनेको छ । जनमत पार्टी नेतृत्वमा रहेको मधेश प्रदेश सरकारले स्थायित्व ग्रहण गर्न नपाउँदै मन्त्री फेरबदलमै व्यस्त देखिएका मुख्यमन्त्री सतीशकुमार सिंह फेरि पनि तनावमा पर्ने भएका छन् । गृहमन्त्री लेखकले नेपाली कांग्रेस मधेश प्रदेशको कार्यालयमा नेता तथा कार्यकर्तासंगको छलफलको क्रममा अहिले जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व गरिरहे पनि प्रदेश सरकारको अगुवाइ गर्ने पालो अब कांग्रेसको रहेको बताएका छन् । मधेशमा पनि आलोपालोमै प्रदेश सरकार चलाउने विगतको सहमति कोट्याउँदै गृहमन्त्री लेखकले मधेश प्रदेशमा सरकारको नेतृत्व नेपाली कांग्रेसले लिने बताए । कांग्रेस भित्र लामो समयदेखि मधेश प्रदेश सरकारको नेतृत्व पाउनुपर्ने माग गर्दै आएकोमा गृहमन्त्री लेखकको आश्वासनपछि प्रदेशमा राजनीतिक माहौल फेरि तातिएको छ । गृहमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका नेता लेखकले मधेश प्रदेश सरकारको




नेतृत्व आफ्नो पार्टीले पाउनुपर्ने अडान कसेका छन् । उनी मधेश प्रदेश सरकारको नेतृत्व जनमतबाट कांग्रेसमा आउने दाबी गर्न थालेका छन् । जनकपुर धाममा शनिबार पार्टीको मधेश प्रदेश कार्यसमितिको विशेष बैठकमा गृहमन्त्री लेखक भने, 'मधेश प्रदेशको सरकार पनि हामीले आलोपालो नेतृत्व गर्ने समझदारी भएको हो, परिवर्तन हुन्छ । कांग्रेसको लामो समयदेखि सरकार नबनेको गुनासो सही हो ।' केन्द्रका शीर्ष नेताहरू मधेश प्रदेश पुगेका बेला बारम्बार यस्ता अभिव्यक्ति आउने गरेका छन् । मधेश प्रदेशका नेता तथा कार्यकर्ताले सरकारमा कांग्रेसको उपस्थिति नहुनुमा असन्तोष पोखेपछि गृहमन्त्री लेखकले सो असन्तुष्ट पक्षलाई मिलाउनकै लागि भए पनि प्रदेश सरकार फेरबदलको टिप्पणी गरेको त होइन भनि कार्यकर्ताले गुनासो गर्न थालेका छन् । कांग्रेसका महासचिव विश्वप्रकाश शर्माले पनि यसअघि सिरहाको लहानमा आयोजित कार्यक्रममा कांग्रेसले मधेश सरकारको नेतृत्व लिनुपर्ने र आलोपालोको सहमतिअनुसार कांग्रेसको पालो आइसकेको बताएका थिए । उनले जनमत पार्टी नेतृत्वको

**बाकी ३ पेजमा**



ईशनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
औरैया,रौतहट
मधेश प्रदेश, नेपाल

पत्र संख्या २०८१।०८२ मिति २०८२।०२।१२

चलानी नं

विषय : आशयको सूचना सम्बन्धमा ।

यस कार्यालयबाट सिटि पोस्ट राष्ट्रिय दैनिकमा मिति २०८१/१२/२९ मा प्रकाशित सूचना अनुसार यस नपाको देहायका बोलपत्रहरु बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन हुदा तपसिलका बोलपत्र खरिद कर्ताहरुले पेश गरेको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ७ बमोजिम न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिमस्वीकृत गर्नका लागि सोहि एनको २७(२) बमोजिम यो आशयको सूचना जारी गरिएको छ । यस सूचनामा चित नबुझ्ने कुनै बोलपत्रदाता भएमा ऐनको दफा ४७ को उपदफा १ बमोजिम आशयको सूचना जारी भएका मितिले ०७ दिन भित्र पुनरावलोकनका लागि निवेदन पेश गर्नुहुन अन्यथा उक्त ऐनको दफा २७ को उपदफा ३ बमोजिम बोलपत्र स्वीकृत हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपसिल

| क्र.म. | बोलपत्र दाताको नाम | बोलपत्र नं. |
| --- | --- | --- |
| 1 | श्री अवधांश बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. गौर न.पा.-०२, रौतहट | NCB/School/Building/Plaster/2081/2082-11 |

नन्दकिशोर गुप्ता
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाशक :-दिलिप कुमार पाण्डेय
सम्पादक :-पुष्पराज यादव
कानुनी सल्लाहकार :-नन्दभुषण श्रीवास्तव
कार्यालय :- गौर नगरपालिका-७ रौतहट
कम्प्युटर सेटिंग :-राहुल पाण्डेय
मोवाईल नं. :- ९८५५०४४५३६,
इमेल : pradeshsamachardainik@gmail.com
मुद्रक :- हेमा पब्लिकेशन गौर रौतहट

## जेठ अन्त्यसम्ममा ग्वार्को फ्लाईओभर पूरा हुन्छ : मन्त्री दाहाल

काठमाडौं । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले काठमाडौंको ग्वार्कोमा निर्माणाधीन फ्लाईओभरबाट जेठ महिनाको अन्त्य सम्ममा पूरा हुने बताएका छन् । जेठ भरिमा पूरा गरी लगत्तै फ्लाईओभरबाट सवारी साधन सञ्चालन हुने बताए । आइतबार बिहान फ्लाईओभर निर्माण कार्यको स्थलगत निरीक्षणका क्रममा उनले निर्माणका बाँकी कामहरू चाँडै पूरा गर्न निर्माण कम्पनीलाई निर्देशन पनि दिए । 'अब पनि ढिलाइ गर्ने छुट छैन' मन्त्री दाहालले भने, 'परिस्थिति बाहिरको प्राकृतिक विपत्ति नआएमा जेठको अन्त्य सम्ममा गाडी चल्नु पर्छ । यो एउटा प्रतीक्षाको आयोजना पनि हो ।' फ्लाई ओभर अन्तर्गत ३५ मिटर स्पानको ४ लेन प्रिकाष्ट ग्रिडर पुल सहित एप्रोच सडक तथा कालोपत्रे निर्माणको काम भएको हो । फ्लाई ओभरमा ट्राफिक लाईट जडानको कार्य पनि हुने छ । अनुगमनका क्रममा मन्त्रालयका सचिव केशवकुमार शर्माले निर्माणका क्रममा केहि प्राविधिक समस्या देखिएका समस्या भएको र त्यो समस्या समाधान गरी सकेको बताए । यस्तै सडक विभागका महानिर्देशक रामहरि पोखरेलले राजधानीको सवारी व्यवस्थापनका लागि ग्वार्को फ्लाई ओभर महत्त्वपूर्ण ठानिएकाले यसलाई प्राथमिकताका साथ पूरा गराउन लागि परेको बताए । सडक विभागको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका प्रमुख दीप बराहीका अनुसार भौतिक पूर्वाधारको मुख्य काम सकिएको छ भने हाल आवश्यक भागमा कालोपत्रेको काम भई रहेको छ । आशिष समानान्तर रेलिगेर जेभी काठमाडौंले फ्लाई ओभर निर्माणको काम गरी रहेको छ । १७ करोड ६ लाख ८८ हजार रुपैयाँको लागतमा निर्माण सुरु भएको फ्लाई ओभर सुरु ठेक्का सम्झौता बमोजिम २०८० फागुन ११ मा सम्पन्न हुनु पर्ने थियो । तर निर्धारित समयमा पूरा नभए पछि म्याद थप भई त्यसको निर्माण कार्य अघि बढेको हो ।

गाउँ नगर टोल छर छिमेक सफा राखौं ।
प्रदुषणबाट हुने रोगबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं ।
दुर्गाभगवती गाँउपालिका कार्यालय
मत्सरी,रौतहट

# हाम्रो देशको नयाँ सौम्य शक्ति

नेपालले आफ्नो अन्तर्राष्ट्रिय छवि र पहिचानलाई बढावा दिनको लागि सगरमाथा संवाद जस्ता स्थायी फोरमको निर्माण गर्ने योजना बनाएको छ । कोरोना महामारी र राजनीतिक परिवर्तनका कारण यस कार्यक्रमको प्रारम्भिक तयारी रद्द भए पनि नेपालले जलवायु परिवर्तन र पर्वतीय राष्ट्रहरूको जोखिमबारे विश्वलाई जानकारी दिन आवश्यक रहेको बताएको छ। नेपालले हिमाल र टापु राष्ट्रहरूको जोखिमलाई ध्यानमा राख्दै ग्लोबल एलाइन्स निर्माण गर्नुपर्ने र यसले विश्वव्यापी जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्न मद्दत गर्ने विश्वास व्यक्त गरेको छ ।

कूटनीतिमा 'हार्ड पावर' र 'सफ्ट पावर शब्दावली प्रचलनमा छन् । हार्ड पावर भन्ने वित्तिकै सैन्य शक्ति, आर्थिक शक्ति, जनसांख्यिक शक्ति जस्ता कुराहरू बुझिन्छ । त्यसमा मुख्य रूपमा हार्ड पावर सैन्य शक्तिलाई लिइने हो । तर नेपाल जस्तो देशका लागि सफ्ट पावर एकदमै महत्वपूर्ण हुन्छ ।

हार्ड पावर त्यो किसिमको छैन । हामी त्यो हार्ड पावर प्रयोग गर्न पनि चाहन्नौं । त्यसो हुँदा हाम्रो जस्तो विकाशसील देशहरूका निम्ति सफ्ट पावरहरू धेरै महत्वपूर्ण हुन्छ। त्यसभित्र संस्कृति, पर्यटन लगायत हुन्छन्, आफ्ना केही पहिचानहरू पनि पर्छन् । यसभित्र त्यो देशले खेल्न सक्ने भूमिका हुन्छन् । यी विभिन्न कुराले कूटनीतिमा सफ्ट पावरको, सौम्य शक्तिको भूमिका खेल्छन् ।

एक किसिमले भन्ने हो भने, नेपाल सबैका निम्ति स्वीकार्य देश हो । हाम्रो कसैसँग वैमनश्य छैन, कसैसँग कटुता छैन । जतिबेला म परराष्ट्रमन्त्री थिएँ, त्यसबेला सरकारको नीति नै 'कसैसँग छैन शत्रुता, सबैसँग मित्रता' भन्ने थियो । त्यो नै हाम्रो मूल नारा थियो । त्यो स्थितिमा नेपालको पहिचान अन्तर्राष्ट्रिय रूपमा कसरी बढाउन सक्छौं भन्नेमा हामीले छलफल गरेका थियौं । त्यसका लागि के-के माध्यमहरू हुन सक्छन् भन्नेमा निकै पटक छलफल भएपछि एउटा निष्कर्षमा पुगेका थियौं कि, एउटा यस्तो स्थायी फोरमको निर्माण गरौं, जसमा हामीले एकातिर हाम्रा कुरा पनि संसारसँग सुनाउन सकियोस् । र, अर्कातिर संसारसँग साझेदारी पनि गर्न सकियोस् ।

यो हिसाबले छलफल गर्दै जाँदा हामीले सगरमाथा संवादको परिकल्पना गरेका थियौं । भारतले रायसिना डायलग गर्छ । सिंगापुरले सांग्रिला डायलग, चीनले बोआओ फोरम, स्वीजरल्यान्डको डाभोस फोरम छ ।

त्यस्ता विभिन्न अनुभवलाई समेत ध्यानमा राखेर एउटा स्थायी फोरमको रूपमा यसलाई अघि बढाउने निष्कर्षमा पुगेका थियौं । यसलाई देशको सौम्य शक्तिको संयन्त्रको रूपमा विकास गर्नका लागि हामीले त्यो संवादको परिकल्पना गरेका थियौं ।

यसको नाम पनि किन सगरमाथा संवाद भनेर नेपालीमा राखियो भन्नुका पछाडि अर्थ छ । अन्तर्राष्ट्रिय रूपमा गर्ने भएपछि 'एभरेस्ट डायलग' पनि भन्न सकिन्थ्यो होला । तर जब हामीले यसमार्फत आफ्ना कुरा राख्छौं, नेपालीपन दिन खोजिरहेका छौं भने सगरमाथा संवाद नै भनौं भनेर यसको नामकरण सगरमाथा संवाद गरिएको थियो । त्यसपछि यसको पहिलो शृंखला जलवायु परिवर्तनमा केन्द्रित गर्ने निर्णय गर्‍यौं । तर, त्यसअनुसार सबै तयारी पूरा भइसकेको थियो । आफ्ना कुराहरू विश्व समुदायलाई सुनाउने गरी पहिलो शृंखला २०२० को अप्रिल २ देखि ४ सम्म गर्ने तयारी थियो । त्यसबेलै हामीले यसको मुख्य विष्यवस्तु 'जलवायु परिवर्तन, पर्वतीय मुलुकहरू र मानव जातिको भविष्य' तोकेका थियौं ।


तर, त्यही बेला संसारभरि कोरोना भाइरसको महामारी फैलियो । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च जोखिममा राखेपछि सरकारले सगरमाथा संवाद स्थगित गर्ने निर्णय गर्नुपर्‍यो । त्यसबेला जम्मा २० दिन अगाडि मैले कार्यक्रम रद्द गरेको पत्रकार सम्मेलनमार्फत जानकारी दिएको थिएँ ।

पछि सरकार परिवर्तन भयो, पछिल्लो सरकारहरूले गर्छौं त भने तर त्यति प्राथमिकता पाएन । हामीकहाँ अलिअलि राजनीतिक खिचातानी, प्रतिशोध जस्तो प्रवृत्ति पनि छ । त्यसको अलिअलि असर पर्‍यो होला । अबका दिनमा यस्तो कुरामा राजनीतिक विषयको असर पर्न दिनु हुँदैन । स्थायी कार्यक्रमका रूपमा लैजानुपर्छ ।

खासमा नेपालको जलवायु परितर्वन हुनेगरी कार्बन उत्सर्जनमा कुनै पनि योगदान छैन । कार्बन उत्सर्जनमा ०.०३ भनेको उल्लेखनीय होइन । तर हामी असाध्यै ठूलो जोखिममा पर्न थालेका छौं । यो कुरा हामीले संसारलाई भन्नुपर्छ, सुनाउनुपर्छ ।

खासमा नेपालको जलवायु परितर्वन हुनेगरी कार्बन उत्सर्जनमा कुनै पनि योगदान छैन । कार्बन उत्सर्जनमा ०.०३ भनेको उल्लेखनीय होइन । तर हामी असाध्यै ठूलो जोखिममा पर्न थालेका छौं, यो कुरा हामीले संसारलाई भन्नुपर्छ, सुनाउनुपर्छ ।

हाम्रा १५/१६ प्रतिशत हिमालले संसारलाई प्राकृतिक रेफ्रिजरेटर, कुलरको काम गरिरहेका छन् । अर्कोतर्फ, हामीले ४४ प्रतिशत वन जोगाएका छौं, तिनले कति धेरै कार्बन सोसिरहेका छन् । तर मर्का चाहिँ हामीलाई परिरहेको छ । यो कुरा संसारलाई सुनाउनुपर्छ र नेपालले यस सन्दर्भमा




ग्लोबल एलाइन्स निर्माण गर्नुपर्छ । त्यसमध्ये पनि खास गरी पहाड-हाई ल्यान्ड र तलका टापु-लोल्यान्डका राष्ट्रहरूको नेतृत्व गर्नुपर्छ ।

हिमाल र टापु राष्ट्रहरू सबैभन्दा जोखिममा छन् । हिमाल पग्लिन्छ, टापुहरू डुब्दै जान्छन् । त्यो लिङ्केज कायम गर्नका निम्ति पहिलो थिम नै त्यतिबेलै तय गरेको हो, हिमाल, जयवायु परिवर्तन र मानवताको भविष्य भनेर । पहिलो, नेपाल जस्तो तटस्थ पोजिसनको छवि भएको देश भविष्यमा ठूलो संवादहरूको थलो बन्नसक्छ भन्ने उद्देश्यले पनि सगरमाथा सन्देशको परिकल्पना गरिएको हो ।

दोस्रो, नेपाल जस्तो देशले अरु देशको सुन्ने मात्र होइन, सुनाउने कुरा पनि छन् भन्ने सन्देश यो कार्यक्रममार्फत गएको छ ।

जस्तो, नेपालको लैंगिक समावेशिताको कुरा हामीले विश्वलाई सुनाउन सक्छौं । शान्ति प्रक्रिया मौलिक हिसाबले भएको छ, यो कुरा विश्वलाई सुनाउन सक्छौं । सबै कुरा अन्तर्राष्ट्रिय समुदायलाई पनि सुनाउनुपर्छ र ग्लोबल पार्टनरसिप बनाउनुपर्छ भन्ने सोचका साथ कार्यक्रम अघि बढाएका थियौं ।

हामीले गल्ती गरेका छैनौं, बरु योगदान गरेका छौं । दण्डित हुनुपरेको छ भन्ने हिसाबले सगरमाथा संवादमा हाम्रा विषयहरू पनि राखेका छौं । हिमाल, पर्वतहरूको भविष्यहरू सम्पूर्ण देशहरूको भविष्य, टापु राष्ट्रहरूको भविष्य पनि जोडिएको छ । त्यसो भएकाले हाइल्यान्डदेखि लोल्यान्डसम्म जोड्ने गरी एउटा सन्देश दिने काम सगरमाथा संवादमार्फत भएको छ ।

नेपालले अघि सारेका थिमहरूमा सहभागी राष्ट्र र सरोकारवालाहरूबाट महत्वपूर्ण विचारहरू आएको छ । यो हाम्रो लागि नयाँ अनुभव पनि भयो, यस किमिसको फोरम सञ्चालन गर्ने । दक्षिण छिमेकी भारत, उत्तर छिमेकी चीन, कोप-२९ का अध्यक्षबाट एक हिसाबले बलियो प्रतिबद्धता पनि देखिएको छ ।

सबै देशका डेलिगेसनबाट हाम्रा हिमालय, पर्वत जोगाउनुपर्छ, नजोगाए मानव जातिकै भविष्य जोखिममा भनेर त्यसका लागि काम गर्ने प्रतिबद्धता आएको छ, जुन सुखद् हो ।

विश्वमा जलवायु परितर्वनको सन्दर्भमा काम गर्ने विभिन्न फोरमहरू छन् । संयुक्त राष्ट्रसंघले नेतृत्व गरेका ठूला वैधानिक अन्तर्राष्ट्रिय फोरमहरू समेत छन्, जलवायु सम्मेलनहरू पनि नियमित हुने गरेका छन् । तिनीहरूले निकालेका निष्कर्षहरूमा पनि कयौं पटक कार्यान्वयनमा समस्या देखिएको छ ।

विश्वले पेरिसको कोप-२० मा कमिटमेन्ट गर्‍यो, ग्लोबल टेम्पिरेचर १.५ मा सीमित राख्छौं भनेर । तर पृथ्वीले अहिले नै १.५ डिग्री सेल्सियसको विश्वव्यापी तापक्रम वृद्धिको सीमा पार गरिसकेको छ । 'लस एन्ड ड्यामेज'मा पनि सहमति भयो, तर डोनरहरूले कतिको योगदान गर्छन्, त्यसमा कठिनाइ देखिएको छ ।

अर्थात्, व्यवहारमा कार्यान्वयन गर्न चुनौती नै छ । अमेरिका एउटा महत्वपूर्ण अर्थतन्त्र थियो, तर ऊ जलवायु परिवर्तनमा कतिपय प्रतिबद्धताबाट ब्याक भएको छ । अहिलेको प्रशासन जलवायु परिवर्तन नै नमान्ने ठाउँमा छ । संयुक्त राष्ट्रसंघको नेतृत्वमा संसारले प्रतिबद्धता गरेका घोषणा कार्यान्वयनमा पनि चुनौती छन् ।

एक हिसाबले भन्ने हो भने, यो जम्मा छलफल हो, निर्णय होइन । यद्यपि, यसले पार्टनरसिपलाई बलियो बनाउँछ ।

यो फोरमबाट आउने निष्कर्षलाई अगाडि दिनमा पर्वतीय देशको एजेन्ड, टापुका देशको एजेन्ड यो छ भनेर विश्वलाई सुनाउन सकिने स्थिति बनेको छ ।

(नेकपा एमालेका नेता एवं पूर्वपरराष्ट्रमन्त्री प्रदीपसँग **अनलाइनखबर**कर्मी गौरव पोखरेलले गरेको कुराकानीमा आधारित ।)

## नगरप्रमुख र निमित्त प्रमुख......

आफूसंग नसोध्नुस उनले भने । गरुडा नगरपालिकाको नगरप्रमुख कन्ठमुनी प्रसाद कलवारले अर्को दिन आउनुस भन्छु, अहिले जानकारी दिन फुर्सद छैन जस्ता गैर जिम्मेवारीपूर्ण जवाफबाट गरुडा नगरपालिकामा भईरहेको संस्थागत भ्रष्टाचारको पोल खोदिएको छ । स्मरणीय रहोस की, गरुडा नगरपालिकामा ऐन कानुन र प्रक्रिया मिचेर उक्त योजनाहरुको गोप्य सूचना प्रकाशित गरेर मनलाग्दी निर्माण व्यवसायीहरुबाट काम सुरु गराएको कार्यबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिवास स्थित कार्यालयले निमित्त प्रमुख प्रशासकीय अधिकृत र नगरप्रमुखलाई उपस्थित गराएर २० लाख भन्दा बढिको रकमको बोलपत्र आह्वान गर्दा इबिडिंग गर्नुपर्ने भन्दै गोप्य सूचनालाई रद्द गरेर पुनः इबिडिंग सुचना बैशाख १८ र १९ गते प्रकाशित गर्नुपरेको बताइएको छ । त्यती समेत हुँदा गरुडा नगरपालिकामा डेढ करोडको लागतमा निर्माणाधिन मस्जिद भवनलाई गोप्य एवं हार्ड विडिंग गरेर ठूलो आर्थिक चलखेल गरिएको स्थानीय अनिल यादवले गम्भीर आरोप नगरप्रमुख कलवार माथि लगाए । यदी मुलुकमा कानुनी राज्य छ भने आज भोली गरुडा नगर कार्यपालिकामा सम्बध निकाय आएर उक्त योजनाहरुको अध्ययन अनुगमन गरेर दोषिलाई कानुनी कठघेरामा उभ्याई गरुडा नगरपालिकालाई सुधारको बाटोमा दोह्र्याउन जोडदार माग गरुडाबासीले गरेका छन् ।

कर तिरौं जिम्मेवार नागरिक बनौं
कर तिर्ने हामी सबैको दायित्व हो

## बागमतीका मेयर-उपमेयर विरूद्धको मुद्दा हेर्न नमिल्नेमा

सर्लाहीको बागमती नगरपालिकाका मेयर र उपमेयरविरुद्धको मुद्दा हेर्न नमिल्ने भएको छ। अख्तियारले मेयर र उपमेयरसहित चार जनाविरुद्ध ५ करोड ३३ लाख रुपैयाँ गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप लगाएको छ।

सर्लाहीको बागमती नगरपालिकाका मेयर भरत थापा र उपमेयर लीलाकुमारी मोक्तानविरुद्धको मुद्दा हेर्न नमिल्ने भएको छ। आइतबार विशेष अदालतका न्यायाधीशत्रय रामबहादुर थापा, रितेन्द्र थापा र विदुर कोइरालाको इजलासमा पेसी तोकिएकोमा मुद्दा हेर्न नमिल्ने भएको हो।

२०८० चैत २७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेयर थापा, उपमेयर मोक्तानसहित चार जनाविरुद्ध ५ करोड ३३ लाख रुपैयाँ अवैधानिक रूपमा आर्जन गरेको आरोपमा गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दा दायर गरेको थियो।

त्यसपछि २०८१ जेठ २९ गते थापासहित ६ जनाविरुद्ध बागमती नगरपालिकाको भरत तालमा ३० करोड २९ लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अर्को मुद्दा दायर गरिएको थियो। मुद्दा चल्दै गर्दा उनीहरुविरुद्ध विशेषमा थप एक र जिल्ला अदालत सर्लाहीमा अर्को मुद्दा दायर गरिएको छ।

## प्रदेश सरकार........................................................................

मधेश प्रदेश सरकार जनअपेक्षाअनुसार काम गर्न नसकेको भन्दै वैकल्पिक सरकारको आवश्यकता औंल्याएका थिए। महासचिव शर्माले भनेका थिए, 'जनमतले साथ नदिए पनि कांग्रेस, एमाले र लोसपाको सहकार्यमा सजिलै सरकार गठन गर्न सकिन्छ।' त्यस्तै, महामन्त्री गगन थापा, नेता शेखर कोइरालालगायत अन्य शीर्ष नेताहरूले पनि मधेश प्रदेश सरकारको नेतृत्वबारे पटक-पटक आवाज उठाएका छन्। शीर्ष नेताहरूको यस्ता अभिव्यक्तिले मधेश प्रदेशका कांग्रेसी नेताहरूमा आश पलाए पनि नेतृत्वको अभिव्यक्तिकै कारण असन्तुष्टसमेत हुन थालेका छन्। कांग्रेस केन्द्रीय सदस्य तथा तराई-मधेश समन्वय विभाग प्रमुख किरणकुमारी यादवले शीर्ष नेतृत्वहरूको भनाइ कार्यान्वयन नहुँदा नेता तथा कार्यकर्तामा धैर्यताको बाँध भत्किँदै गएको बताइन्। नेतृ यादवले भनिन्, 'मैले पनि पटक-पटक पार्टीमा यो विषय उठाएकी छु। जनमतको नेतृत्वले संघीयता नै खतरामा पारेको छ, त्यसैले अब कांग्रेसले नेतृत्व लिनैपर्छ, संघीयता जोगाउन कांग्रेसले मधेश प्रदेश सरकारको नेतृत्व लिनु नै पर्छ।' कांग्रेस मधेश प्रदेशका प्रदेश सभापतिसमेत रहेका संसदीय दलका नेता कृष्णाकुमार प्रसाद यादवले पनि मधेश प्रदेशमा कांग्रेस सरकार बनाउने सहमति कार्यान्वयनमा आउनुपर्ने बताउँछन्। नेता यादवले भने, 'हामी तयार छौं, तर केन्द्रमा भएको कुरा व्यवहारमा आउनुपर्छ,' उनले भने। प्रदेश सांसद सुनिल यादवले सहमति कार्यान्वयनमा ढिलाइ हुँदा नेताहरूमा निराशा बढेको बताए। 'शीर्ष नेताहरू आएर बोलेपछि त्यसको आधार र गम्भीरता हुन्छ। तर केन्द्रमा सहमति भएको हो भने त्यसलाई कार्यान्वयन गर्नुपर्छ,' उनले जोड दिए। वि.सं. ०८१ असारमा कांग्रेस-एमालेबीचमा गठबन्धन भएपछि मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले नै गरिरहेको छ। सोही सहमतिअनुसार केही समयपछि कांग्रेसले मधेश प्रदेश सरकारको नेतृत्व गर्ने भनिएको भए पनि एक वर्षभन्दा बढी भइसकेको छ। तर पनि जनमत पार्टीले अहिलेसम्म सरकार छाडेको छैन। यसले गर्दा कांग्रेसमा असन्तुष्टि पोखिने क्रम बढ्दै गएको छ। गृहमन्त्री लेखकले कांग्रेसका प्रदेश नेताहरूको गुनासोपछि सरकार परिवर्तन चाँडै नै हुने संकेत गरेका छन्। मधेश प्रदेशदेखि संघीय सरकारसम्मका शीर्षनेतृत्वकर्ताले जनमत पार्टी नेतृत्वको सरकारले जनअपेक्षित विकासको कार्य गर्न नसकेको आरोप लगाएका छन्।


हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाधौं।
- छतमा भएका गमला सुरक्षित रूपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

यमुनामाई गाउँपालिका कार्यालय
सरूअठा,रौतहट


## 'भूमिगत जल जोगाउनका लागि पुनर्जागरणमा ध्यान दिनुपर्छ'




नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले प्रकृतिलाई दोहन भन्दा संरक्षण गर्नुपर्ने आवश्यकता रहेको बताएका छन्। जनकपुरधाममा शनिबार एक कार्यक्रममा बोल्दै पूर्वगृहमन्त्रीसमेत रहेका नेता निधिले प्रकृतिको रक्षा गर्न सकिएमा जलवायु पर्यावरणको संरक्षण पनि सम्भव भएको बताए। तर यसका लाीग भूमिगत जल जोगाउनका लागि योजनावद्ध रुपमा कार्य थाल्नुपर्ने उनले बताए। प्रकृतिमाथि मानवीय गतिविधिका कारण अहिले जीवजन्तुहरुको लागि खतराको सूचक रहेको उनले बताए। नेपाल खानेपानी संस्थान कर्मचारी संघको केन्द्रीय कार्यसमितिको कार्यक्रममा बोल्दै नेता निधिले मानवले उपयोग गर्ने प्रकृतिक स्रोत साधनको भण्डारण रहेकाले यसको संरक्षण तथा संवर्द्धन पनि मानवकै दायित्व रहेको बताए। जलवायु परिवर्तनसंगै देखा परेका विभिन्न असर र यसबाट आउने दिनमा जोगिनका लागि पनि अहिले देखि नै पहलकदमी लिनुपर्ने आवश्यक रहेको भन्दै नेता निधिले समयमै सचेत नभएमा आउने दिनमा प्रकृतिलाई दोहन गर्नु दुखद भएको भन्दै यसले मानवीय समाज नै रित्याउन सक्ने बताए। नेता निधिले केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारले मिलेर खानेपानीलाई प्राथमिकतामा राखेर जमिनमुनिको पानीलाई जोगाउनुपर्ने बताए। यसका लागि उच्च तहबाटै एकीकृत योजना बनाई कार्य थालनी गर्नुपर्ने आवश्यकता रहको उनको भनाइ छ। सो कार्यक्रममा खानेपानी संस्थानका महाप्रवन्धक अजयबाबु ढकालले पानी सबैको जिवन रक्षाका लागि चाहिने हुनाले पानी जोगाउनतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताए। उनले प्राकृतिक रुपमै पानी रहे पनि पानीलाई ल्याउन, प्रशोधन गरी शुद्धिकरण गर्न र घरघरमा पुर्याउन खर्च लाग्ने भएकोले सशुल्क रुपमा पानी वितरण हुन सक्ने बताए। सो कार्यक्रममा ई. शिरिषराज भण्डारी, ई. राकेश गोइत र संस्थानका ईन्जिनियरिङ्ग महाशाखा प्रमुख निरण महर्जनले कार्यपत्र प्रस्तुत गरेका थिए।

## टिपरको ठक्करबाट बाइक चालक मिकरानीको मृत्यु, यादव गम्भीर घाइते

सर्लाही। सर्लाहीको वागमती नगरपालिका स्थित पूर्व पश्चिम राजमार्गमा शनिवार विहान टिपरले मोटरसाइकललाई ठक्कर दिदा चालकको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्।



पूर्वपश्चिम राजमार्ग अन्तर्गत पर्ने वागमती नगरपालिका वडा नम्वर १ पानी ट्याँकी चोकमा आज विहान १०.१५ बजेको समयमा वागमतीबाट हरिवन तर्फ जादै गरेका बालुवा लोड गरिएको ना.७ ख. ६३९१ नम्वरको टिपरले विपरित दिशाबाट आउदै गरेका बा.६६ प. ८४६० नम्वरको मोटरसाइकललाई ठक्कर दिदा उक्त दुखद घटना भएका हुन्।

टिपरको ठक्करबाट गम्भीर घाइते भएका मोटरसाइकल चालक मलंगवा नगरपालिका वडा नम्वर १० का अफाक हुसैनको २१ बर्षीय मोहम्मद कैफ मिकरानीको एलएस न्युरो अस्पताल बारामा उपचारको क्रममा १२.१० बजेको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिए।

मोटरसाइकलमा पछाडी सवार मलंगवा नगरपालिका वडा नम्वर १० का विजय यादवको २४ बर्षीय छोरा सुमित कुमार यादव गम्भीर घाइते भए। गम्भीर घाइते यादवको एलएस न्यूरो अस्पताल बारामा उपचार भईरहेको उनले बताए।

मोटरसाइकललाई ठक्कर दिने टिपर र चालक किशोर तामाङलाई इलाका प्रहरी कार्यालय हरिवनको नियन्त्रणमा राखिएर आवश्यक अनुसन्धान भईरहेको डिएसपी राईले भने।


हवाहुरीबाट बच्ने उपायहरू

- घरको संरचना बलियो बनाऔं।
- हवाहुरी चल्नथाले पछि झ्यालढोका थुनौं।
- हवाहुरी चल्नथाले पछि चुल्होको आगो निभाऔं।
- आगोजन्य वस्तुहरू बच्चाको पहुच भन्दा टाढा राखौं।
- घरको छाना राम्ररी हुक तथा तारले कसेर बाधौं।
- छतमा भएका गमला सुरक्षित रूपमा राखौं।
- भागदौड् नगरी विस्तारै सुरक्षित स्थानमा जाऔं।
- हवाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा जाऔं।

हवाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवम् सतर्कता अपनाऔं।

गुजरा नगरपालिका कार्यालय
सिमरा भवानीपुर,रौतहट

## भारतीय नम्वरको शंकाष्पद स्कार्पियो सर्लाही प्रहरीले किन सार्वजनिक गरेन

सर्लाही, ११ जेष्ठ । सुनचाँदी र नगद सहित चोरीको गाडी सर्लाहीको नबलपुर बाट नियन्त्रणमा लिएको पाँच दिन वितिसक्दा पनि जिल्ला प्रहरी कार्यालय मलंगवा सर्लाहीले सूचना अहिले सम्म किन लुकाउदैछन् यतिखेर सवत्र चासोको बिषय बनेका छन् । गएको बुधवार विहान ४ बजेको समयमा कतैबाट सर्लाहीको नवलपुरमा बिआर ३० एके ७२२० को भारतीय नम्वरको स्कार्पियो गाडी आएपछि एक ट्राफिक प्रहरीको असईले उक्त गाडीलाई रोकेर भन्सारको कागजात माग्दछन् ।

तर चालकले ठाडै भने कुनै भन्सार छैनन् । केही बेरमै त्यहाँबाट चालक फरार भएका थिए । केही घण्टापछि उक्त गाडीमा ठूलो परिमाणमा सुन र चाँदीका गहनाहरु रहेको तथा एक लाख भन्दा बढि नेपाली रुपैया रहेको भन्दै छुटाउन निकै चलखेल भएपनि कुरो मिलेन । स्कार्पियोको बोर्नेटबाट एउटा पोका बरामद भए जसमा सुनचाँदीका गहनाहरु र केही नगद बरामद भएको श्रोतले बतायो । बरामद उक्त गाडीलाई जिल्ला प्रहरी कार्यालय मलंगवामा बुझाइएको श्रोतले दाबी गर्दछ । तर अनुसन्धानको नाममा पाँच दिन वितिसक्दा पनि जिल्ला प्रहरी कार्यालय मलंगवाले सूचना सार्वजनिक किन गरेनन् ? प्रश्न उठेका छन् । श्रोतका अनुसार उक्त गाडीमा ६ किलोग्राम चाँदीका गहना र डेढ देखि दुई किलोग्राम सम्म सुनको गहनाहरु थिए ।

उक्त सुनचाँदीका गहनाहरु भारत विहार पूर्वी चम्पारणका प्रसिद्ध घोडासहानका सटर चोरहरुले नेपाल वा भारतको कुनै स्थानबाट चोरी गरेर नवलपुरमा विक्री गर्ने उद्देश्यबाट गएको अवस्थामा समातिन पुगेको ति श्रोतले दावी गरेपनि प्रहरीले हाल सम्म पुष्टि गर्न सकेका छैनन् । यस विषयमा जिल्ला प्रहरी कार्यालय मलंगवा सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राई संग बास्तविक्ता बुझ्न खोज्दा उनले यसबारे जानकारी दिन चाहेनन् । डिएसपी राई संग कुरा गर्दा हामी संग स्कार्पियो र केही चाँदीको गहना सहित नगदको फुटेज रहेको भनेपछि उनले प्रहरी नियन्त्रणमा भारतीय स्कार्पियो रहेको स्वीकार गरे । अहिले अनुसन्धान हुँदै छ, अनुसन्धान सकेपछि तपाईहरुलाई जानकारी जाने बताए । नियन्त्रणमा लिएका स्कार्पियोबाट सुनचाँदीका गहना बरामद भएको सम्बन्धमा उनले केही बताउन चाहेनन् ।

## शंकाष्पद विलविजक हुँदा करिव ४८ लाखको सामान सहित ट्रकलाई राजस्व अनुसन्धान कार्यालय पथलैया बुझाए

सर्लाही, ११ जेठ । बिलविजक शंकाष्पद देखिदा लाखौं मूल्य बराबरको सामान बुटबलबाट मोरङ तर्फ गइरहेका मालबाहक ट्रकलाई नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि पथलैया पठाएका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाही मलंगवाले जारी गरेको प्रेस नोट अनुसार, आईतवार विहान ७.४५ बजेको समयमा इलाका प्रहरी कार्यालय कर्मैया बागमतीले नियमित रुपमा चेकजाँच गर्ने क्रममा रुपन्देहीको बुटबलबाट मोरङ तर्फ जाँदै गरेका प्र-३-०१-००५ ख ९४६० नम्वरको मालबाहक ट्रकलाई रोकेर चेकजाँच गर्दा जिरा पाउडर, कस्मेटिक, टायर, हेलमेट, मोटर पार्टसहरु, ब्याट्री, मेडिसिन, मेसिन, हार्डवेयर, किचेन सिंक लगायतका खुद्रा सामानहरुको




प्रज्ञापन पत्र नभएको, कतिपय सामानहरुको भ्याट विल नभएको विलविजक शंकाष्पद देखिएको हुँदा उक्त मालबाहक ट्रकलाई आवश्यक कार वाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएका हुन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले विलविजक शंकाष्पद देखिदा करिव ४७ लाख ९७ हजार ५०१ मूल्य बराबरको सामान सहित ट्रकलाई आवश्यक कार वाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैयाको जिम्मा लगाएको बताए ।




प्रदिप यादव
बौधीमाई नगरपालिका कार्यालय
सरमुजवा,रौतहट




बिनोद पटेल
वृन्दावन नगरपालिका कार्यालय
बिश्रामपुर,रौतहट




अजय प्रकाश जयसवाल
कटहरिया नगरपालिका कार्यालय
कटहरिया,रौतहट




भिखारी राय यादव
राजदेवी नगरपालिका कार्यालय
राजदेवी,रौतहट